


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस ५ गते सोमबार ❑ 20 Dec. 2021 ❑ पृष्ठ ६ ❑ मूल्य रु. २।-

## संसद् सञ्चालन गर्न प्रमुख प्रतिपक्षी दललाई आह्वान

रासस
काठमाडौं, ४ पुस

प्रधानमन्त्री शेरबहादुर देउवाले आह्वान गर्नुभएको आइतबारको सर्वदलीय बैठकले संसद् नियमित गर्न दिन प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) लाई आह्वान गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकका निर्णयबारे जानकारी दिँदै नेपाल सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले संसद् निरन्तर अवरुद्ध हुँदा नियमित कामका साथै जनअपेक्षासमेत प्रभावित भएकाले जननिर्वाचित संस्थालाई लामो बन्धक बनाउनु उचित नहुने सर्वदलीय निष्कर्ष रहेको जानकारी दिनुभयो ।

यद्यपि उक्त बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले भने सहभागी थिएन । "निरन्तर संसद् गतिरोधका कारण केही महत्वपूर्ण विधेयक र प्रस्तावसमेत अल्झिएका छन्, संसदीय लोकतन्त्रलाई जीवन्त राख्न प्रतिपक्षको भूमिका महत्वपूर्ण हुन्छ", बैठकपछि सञ्चारकर्मीमाझ प्रवक्ता कार्कीले भन्नुभयो, "सशक्त प्रतिपक्ष हुनुको अर्थ संसद् नै चल्न नदिनुभन्ने होइन, विरोध र असहमति प्रकट गर्ने मूल थलो संसद् भए पनि सिङ्गो संसद्लाई यसरी बन्धक बनाउँदा लोकतन्त्र र संसदीय अभ्याससमेत कमजोर हुन जाने खतरा हुन्छ ।" उहाँले प्रतिपक्षले उठाएका विषयमा संवाद गर्न र उपयुक्त सहमति खोज्न सरकार तयार रहेको पनि बताउनुभयो ।

अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौताका विषयमा पत्रकारले सोधेको जिज्ञासामा सरकारका प्रवक्ता कार्कीले सर्वदलीय बैठकमा कसरी अघि बढाएर लैजाने भन्ने विषयमा दलबाट फरक फरक धारणा आएको जानकारी दिनुभयो । उहाँले त्यस विषयमा फेरि छलफल गरेर निष्कर्षमा पुग्ने पनि बताउनुभयो । प्रधानमन्त्रीले आमन्त्रण गरेको बैठकमा प्रमुख प्रतिपक्ष सहभागी हुनुपर्नेमा त्यो हुन नसक्नु विडम्बना भएको उहाँको धारणा थियो । बैठकमा सहभागी नेपाल मजदुर किसान पार्टीका नेता प्रेम सुवालले एमसिसीका विभिन्न बुँदा नेपालको सार्वभौमसत्तामाथि हस्तक्षेप गर्ने खालको रहेकाले सम्झौता खारेज हुनुपर्ने आफूले विषय उठाएको जानकारी दिनुभयो । उहाँले यो हिन्द प्रशान्त क्षेत्रको अमेरिकी नेतृत्वको सैन्य गठबन्धन नै भएको आफ्नो पार्टीको निष्कर्ष रहेको पनि बताउनुभयो।संसद् अवरोध भएको सन्दर्भमा भनाइ राख्दै सुवालले संसद्मा कि बोल्न पाउनुपऱ्यो कि अवरुद्ध भएका बेला संसद्का कामकारबाही अघि बढाउनुभएन भनेर आफूले प्रस्ताव राखेको पनि उहाँले बताउनुभयो । उहाँका अनुसार सर्वदलीय बैठक अघि बसेको पाँच दलीय गठबन्धनको बैठकले एमसिसीलगायतका विषयमा छलफल गर्न एक कार्यदल गठन गरेको बताइएको छ ।

नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) पार्टीका नेताले एमसिसी संशोधन गरेर अघि बढ्नुपर्ने बताएको उहाँले जानकारी दिनुभयो । माओवादी अध्यक्ष 'प्रचण्ड'ले पनि संशोधन हुनुपर्छ भनेर छलफल भएको बैठकमा जानकारी गराएको सुवालले उल्लेख गर्नुभयो ।

बैठकमा नेपाली काङ्ग्रेस र जनता समाजवादी पार्टी भने यही अवस्थामा एमसिसी अघि बढाउने पक्षमा देखिएको पनि उहाँले जानकारी दिनुभयो । बैठकमा प्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका सभापति देउवा र सरकारका प्रवक्ता कार्कीसहित काङ्ग्रेस उपसभापति पूर्णबहादुर खड्का, नेता रामचन्द्र पौडेल, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल, नेता नारायणकाजी श्रेष्ठ, नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल, महासचिव वेदुराम भुसाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, सोही पार्टीका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाललगायतको सहभागिता थियो ।

## 'पर्यटक निर्धक्क घुम्न पाउनु पर्छ'

पोखरापत्र संवाददाता
पोखरा, ४ पुस



पर्यटकीय नगरी पोखरामा घुम्न आउने पर्यटकले आफूलाई सुरक्षित महसुस गर्ने वातावरण तयार गर्न आवश्यक पूर्वाधार र पर्यटकमैत्री वातावरण आवश्यक रहेको पोखरा पर्यटन व्यवसायीले बताएका छन् ।

गण्डकी प्रदेशका प्रहरी नायब महानिरिक्षक दिवेश लोहनीले पर्यटकीय नगरी पोखरालाई शान्ति सुरक्षा अमन चैनको प्रत्याभूत सहित सुरक्षित गन्तब्यको रुपमा चिनाउन पर्यटन व्यवसायीहरुको साथ र समन्वयको खाँचो रहेको बताउनुभएको छ। पोखरा पर्यटन परिषद र जिल्ला प्रहरी कार्यालय कास्कीको समन्वयमा 'पोखरामा पर्यटन व्यवसायमा सुरक्षा व्यवस्थापन विषयक अन्तरक्रियात्मक अनुशिक्षण' कार्यक्रमको उद्घाटनमा लोहनीले व्यवसायीको साथ र सहयोग हुने हो भने कुनै पनि अपराध लुक्न नसक्ने र अपराधिक घटना न्यूनिकरण हुने बताउनुभएको हो। उहाँले पर्यटन व्यवसायिले होटलमा आउने पाहुनाको बास्तविक परिचय नलिने र एक जनाले बुकिङ्ग गरेपछि पाँच छ जना सहज बस्न दिने, सिसि क्यामेराको व्यवस्थापन नगर्ने जस्ता कतिपय कमजोरीले अपराधिक घटनाको अनुसन्धानमा चुनौती थपिएको बताउनुभयो । उहाँले घटना संख्यामा हेरेर विश्लेषण गर्न नहुने भन्दै कुनै एक घटनाले सम्पूर्ण शान्ति सुरक्षालाई नै खलल पार्ने भएकाले घटना हुनु अघिनै सावधानी अपनाउनु पर्ने उहाँको भनाइ थियो । पोखरा पर्यटन परिषदका अध्यक्ष गोपीबहादर भट्टराईले पर्यटन क्षेत्रले विभिन्न कठिनाइको सामना गर्नु परिरहेको जनाउँदै पर्यटकका लागि शान्ति सुरक्षा पहिलो शर्त भएको बताउनुभयो । पर्यटकले घुमफिर गर्दा सुरक्षित महसुस गर्न सके मात्र पर्यटकीय गतिविधि बढ्ने भएकाले सुरक्षालाई प्राथमिकतमा राख्नुपर्नेमा उहाँले जोड दिनुभयो । लेकसाइडका अधिकांश सोलार बत्तिहरु नबल्ने र साँझ परेपछि अन्धकार देखिने समस्या भएपछि व्यवसायीकै पहलमा १६ लाख खर्चेर बिजुली बत्तिको व्यवस्थापन गर्नु परेको स्पष्ट पार्नुभयो । सरकारले व्यवसायीको मर्का बुझेर प्रभावकारी नीति ल्याउन नसकेको जनाउँदै मौद्रिक नीतिको कार्यान्वयन नहुँदा व्यवसायीलाई निराश बनाएको धारणा राख्नुभयो । वडा नं ६ का वडा अध्यक्ष जगत पहारीले शान्ति सुरक्षा लागि आवश्यक पूर्वाधार निर्माणमा बजेट अभाव

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एमाले गण्डकीको बैठक सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ४ पुस

नेकपा एमाले गण्डकी प्रदेश कमिटीको बैठक आइतबार सम्पन्न भएको छ । गण्डकी प्रदेश कमिटीले पूर्णता पाएपछि पहिलो र प्रदेश कमिटि गठन भएपछिको नवौं बैठक पोखरामा बसेको हो । एमालेले पछिल्लो पटक ४सय८ सदस्यीय गण्डकी प्रदेश कमिटी बनाएको छ । प्रदेश कमिटीको बैठक आगामी माघ २३ गते एकै साथ हुन गैरहेको जिल्ला अधिवेशन केन्द्रीत थियो । यसका अलावा बैठकले पार्टी निर्माणमा महत्वपूर्ण निर्णयहरु गरेको प्रदेश अध्यक्ष नवराज शर्माले जानकारी दिएका छन् ।

बैठकले जिल्ला अधिवेशनमा सहभागी हुनका लागि प्रत्येक वडा कमिटीबाट प्रतिनिधि छनौट गर्ने आधार तय गरेको छ । गण्डकी प्रदेश अन्तर्गतका सबै जिल्लामा २३ गते नै अधिवेशन सम्पन्न गर्न निर्देशन दिँदै बैठकले जिल्ला अधिवेशनका लागि वडाबाट छनौट गरिने प्रतिनिधि पनि जिल्लाभर एकै दिन छनौट गर्नु पर्ने निर्णय गरेको छ ।

बैठकले राष्ट्रिय महाधिवेशनको सन्देश र पार्टी प्रवेश कार्यक्रम टोल टोलमा पुऱ्याउने निर्णय पनि गरेको गण्डकी प्रदेश कमिटीका सचिव धनञ्जय दवाडीले जानकारी दिए । यी कार्यक्रम लिएर टोल टोलमा पुग्दा पार्टीको टोल कमिटी पनि गठन गरिने उनले बताए । त्यस्तै प्रदेश कमिटीका उपसचिव रश्मि आचार्यलाई पार्टीको प्रदेश कार्यालयको सचिव बनाउने निर्णय पनि आइतबारको बैठकले गरेको छ । पार्टी गतिविधि चलायमान गराउन थप निर्णय गर्नु परेको सो अधिकार सचिवालयलाई दिइएको छ ।

उपसचिव रश्मिका अनुसार पार्टीले एमालेका जनप्रतिनिधिले निर्वाचित भएपछि गरेका कामको अभिलेखीकरण पनि गर्ने भएको छ । 'स्थानीय, प्रदेश र संघीय जनप्रतिधिले आफ्ना पालिका र क्षेत्रमा गरेका कामको विवरण पुस मसान्तसम्म प्रदेश पार्टी कार्यालयमा पठाउने निर्णय पनि आजको बैठकले गरेको छ ।' उपसचिव आचार्यले भने । बैठक एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यतामा भएको थियो । बैठकलाई सम्बोधन गर्दै गुरुङले पार्टीलाई व्यवस्थित र बलियो बनाउन सक्रियतापूर्वक लाग्न निर्देशन दिए । प्रदेश कमिटी अध्यक्ष नवराज शर्माको अध्यक्षतामा सम्पन्न बैठकलाई सचिव एवं गण्डकी प्रदेश इन्चार्ज पद्माकुमारी अर्याल, स्थायी कमिटी सदस्यद्वय किरण गुरुङ र खगराज अधिकारी, पोलिटब्यूरो सदस्यहरु जगत विश्वकर्मा, मना केसी रमायानाथ अधिकारीले सम्बोधन गरेका थिए ।

## काङ्ग्रेस केन्द्रीय सदस्य खुलातर्फ ३५ जना विजयी

रासस
काठमाडौं, ४ पुस

नेपाली काङ्ग्रेसको १४औं महाधिवेशनअन्तर्गत गत सोमबार भएको केन्द्रीय सदस्य (खुला) ३५ सिटको मतगणना आइतबार सम्पन्न भएको छ ।

पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार निवर्तमान महामन्त्री डा शशाङ्क कोइराला सर्वाधिक मत तीन हजार ८३६ सहित खुला केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएको छ। त्यसपछि क्रमशः एनपी साउद (२,९३७), बालकृष्ण खाँण (२,८७९), उदयशम्शेर राणा (२,८४३), रामहरि खतिवडा (२,८३२), ज्ञानेन्द्रबहादुर कार्की (२,८२०), रमेश लेखक (२,७८०), शङ्कर भण्डारी (२,७६८), जीपछिरिङ लामा (२,७०२), अर्जुननरसिंह केसी (२,६५०), जीतजङ्ग बस्नेत (२,५५७), गोपालमान श्रेष्ठ (२,५३८), मोहनबहादुर बस्नेत (२,४७६), सुनिलबहादुर थापा (२,४७२),

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'दलहरुबीच परामर्शपछि मात्र एमसीसी अघि बढ्छ'

पोखरापत्र संवाददाता
पोखरा, ४ पुस




नेपाली काङ्ग्रेसका सहमहामन्त्री जीवन परियारले सत्तारुढ गठबन्धनमा रहेका दलहरुले सहमति जनाएपछि मात्र एमसिसी संसद्बाट पारित हुने बताउनुभएको छ ।

नेपाल प्रेस युनियनले आइतबार पोखरामा आयोजना गरेकोपत्रकारभेटघाटमाआगामी संसद् बैठकमा एमसिसी टेबल हुने सम्बन्धमा सञ्चारकर्मीको जिज्ञासामा उहाँले सबै दलसँग परामर्श गरेर संसद्बाट पारित हुने गरी छलफल गरेरमात्र काङ्ग्रेसले एससिसीको प्रस्ताव अघि बढाउने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालको अहित हुने गरी कुनै किसिमका प्रावधान एमसिसी सम्झौतामा छन् भने त्यसलाई हटाउनुपर्दछ, त्यसमा हाम्रो पार्टी अत्यन्त प्रतिबद्ध छ, कमजोरी भएका छन् भने ती शब्दाबली र बुँदा हटाएर सबै दलहरुसँग परामर्श गरेर संसद्बाट पारित हुन सक्ने गरी काङ्ग्रेसले अगाडि बढ्छ ।"

काङ्ग्रेस लोकतान्त्रिक र लोकतान्त्रिक मुल्यमान्यतामा विश्वास गर्ने पार्टी रहेको र विधिसम्मत ढङ्गले चल्ने भएकाले वडादेखि केन्द्रसम्म निर्वाचनका माध्यमबाट नेतृत्व चयन गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले पार्टीमा नेतृत्व चयनको अधिवेशन गरेका छौं, अब वैचारिक र साङ्गठनिक रुपमा कसरी पार्टीलाई अघि बढाउने भन्ने दस्तावेज केन्द्रीय कार्य समितिले प्रस्ताव गरेर महासमितिको भेलाबाट पारित गरेर अघि बढ्न जरुरी रहेको ।"

पार्टीभित्र विचारको बहस आवश्यक रहेकामा जोड दिँदै नेता परियारले त्यो विचारको बहस विना सैद्धान्तिक विचारमा स्पष्टता नआएसम्म पार्टीले दृष्टिकोण अगाडि बढाउन नसक्ने उल्लेख गर्नुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखरामा मनाए लिम्बु समुदायले 'उधौली पर्व'

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ पुस**

पोखरामा (याक्थुङ चुम्लुङ) लिम्बुहरुले सामुहिक रुपमा आफ्नो समुदायको राष्ट्रिय चाडको रुपमा उधौली पर्व मनाएका छन् ।

हरेक वर्ष मनाउदै आएका किरात याक्थुङ चुम्लुङ कास्कीले पुजाआजा तथा विविध साँस्कृतिक कार्यक्रमको आयोजना गर्दै आइतबार पर्व मनाएका हुन् ।



उक्त पर्वमा पूर्वको ताप्लेजुङ, पाँचथर, ईलाम, धनकुटा लगायतका समुदायको उपस्थितिमा कार्यक्रम सम्पन्न गरेको आयोजक संस्थाका अध्यक्ष धन बहादुर थेबे लिम्बुले बताए । उनले हरेक वर्ष मनाउँदै आएको पर्वमा लिम्बु समुदायका २ सय बढि व्यक्तिको उपस्थिति रहदै आएको जानकारी दिए । 'घर पूर्व भएपनि काम र रोजगारीको शिलशिलामा पोखरा रहेका याक्थुङहरु भेला भएर उधौली पर्व मनाउदै आएका छौ, अध्यक्ष लिम्बुले भने, 'यसरी आफ्नो महान् पर्व मनाउन पाउँदा खुशी छौ ।' उनका अनुसार किँरातहरुले उधौली पर्व अन्तवाली छरिसकेपछि मनाउने गर्छन भने उभौली पर्व अन्नवाली लगाउने समयमा मनाउने गर्दछन् । उनले कास्कीमा लिम्बु समाज स्थापना गरेको ३ वर्ष भएको बताउदै भने 'यो चुम्लुङ खोल्नुको उद्देश्य भनेको हाम्रो भाषा, लिपी, संस्कृति र च्याब्रुङ (केलाङ) बाजा छ । यसलाई जोगाउनु पर्छ भनेर हो ।'

उनले सो पर्वलाई विशेष बनाउनका लागि विभिन्न नाँचहरु समावेश गरिएको बताए । 'हामीले यो पर्वमा च्याब्रुङ नाँच नाच्छौ, उनले भने, 'त्यसमा १९ वटा चराको नक्कल गरेर कथा अनुसार नाँच्ने प्रचलन रहेको छ ।' त्यसैगरी लिम्बु समुदायका अग्रज मदन ईङनाम सुब्बाले हरेक वर्ष मनाउदै आएको पर्वले पोखरामा छरिएर रहेको लिम्बुहरुलाई एकताको सुत्रमा बाध्ने काम गरेको बताए । उनले यस अघि किरााँत भित्र पर्ने सुनुवार तथा राई लगायतले सँगै मनाउदै आएको बताउदै भने, 'फरक फरक स्थानमा मनाएपनि आफ्नो अपनत्व रहिरहन्छ ।'

उनले एकताको सुत्रमा बाँध्न र पर्व तथा संस्कृतिको जगेर्ना गर्ने उद्देश्य सहित उधौली पर्वको अवसरमा कार्यक्रम आयोजना हुदै आएको बताए ।

त्यसैगरी राधा लिम्बुले आफ्नो जन्मभुमी देखि टाढा रहेर पनि आफ्नो महान चाड मनाउन पाउँदा खुशी लागेको बताईन् । 'यो ड्रेस सधै लगाउन पाईदैन, यस्तै अवसरमा त हो लगाउने । उनले भनीन्, 'यो पोशाकको आफ्नै महत्व छ । र यो ड्रेस लगाउँदा छुट्टै आनन्द मिल्छ ।'

# सहारा यूकेको अध्यक्षमा भूतपूर्व ल्याप्टेन कुशाङ निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ पुस**

सहारा युकेको अध्यक्षमा भूतपूर्व ल्याप्टेन कुशाङ गुरुङ निर्वाचित भएका छन् ।

सहारा क्लव पोखराको भातृ संस्थाको रुपमा रहेको सहारा युकेको हालै सम्पन्न १३ औं साधारण सभा तथा छैटौं अधिवेशनले आगामी दुई वर्षीय कार्यकालको लागि गुरुङ अध्यक्षमा निर्वाचित भएका हुन् ।

त्यसै गरी क्लवको उपाध्यक्षमा कृष्ण गुरुङ, महासचिवमा मनोज गुरुङ, नेपाल प्रहरीका पूर्व डिएसपी समेत रहेका वाचस्पती रेग्मी सचिवमा, कोषाध्यक्षमा कुमार थापा, सहकोषाध्यक्षमा जगन गुरुङ, सहारा एफसी चेयरमेनमा सारदा गुरुङ, सहारा एफसीको सिइओमा भूतपूर्व क्या. पिताम्वर गुरुङ, स्पोर्टस सेक्रेटरीमा अनिल गुरुङ र यूवा खेलकुद संयोजकमा सन्दिप उपाध्यायलाइ सर्व सम्मत निर्वाचित गरिएको क्लवले जनाएको छ ।

क्लवको अन्य सदस्यहरुमा मिलन गुरुङ (फोटो पत्रकार), पूर्व राष्ट्रिय खेलाडी मञ्जु गुरुङ राई, सुधा गुरुङ, मेघ गुरुङ, प्रेम गुरुङ, सम्शेर गुरुङ, दल गुरुङ, ध्रुव गौतम र सूर्य गुरुङ सर्वसम्मत निर्वाचित भएको सहारा युकेका निवर्तमान अध्यक्ष कुमार गुरुङले बताए । मलेशियाको कोटाकिनाबालु दौड प्रतियोगितामा सन १९९१ देखि १९९३ सम्म तीन पटक लगातार जितेर किर्तीमान बनाउँदै 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' किर्तीमान गरेका नवनिर्वाचित अध्यक्ष गुरुङको रेकर्ड हालसम्म कसैले तोड्न सकेको छैन ।

यसैबिच, सहारा युकेले हरेक वर्ष प्रदान गर्दै आएको सहारा युके अवार्ड यो वर्ष मरणोपरान्त धनुपुरन थकालीलाई उक्त अवार्ड प्रदान गरिएको छ । सहारा युकेको महासचिव पदमा रहदा उनको उपचारकै क्रममा ५२ वर्षको उमेरमा बेलायतमा निधन भएको थियो । उनले सहारा युकेको हरेक गतिविधी तथा कार्यक्रमहरुलाई सफल बनाउन उल्लेखनिय भुमिका खेलेका क्लवले जनाएको छ । पूर्व अध्यक्ष दिलिप गुरुङ 'एमविइ'को संयोजकत्वमा गठित अवार्ड कमिटीले उनलाई मरणोपरान्त सहारा युके अवार्ड २०२१ बाट सम्मान गर्ने निर्णय गरेको थियो ।

यसअघि, क्लवका अध्यक्ष कुमार गुरुङको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा सहारा यूकेका संस्थापक सल्लाहाकार तथा सहारा क्लव पोखराका मानार्थ सदस्य महेश गुरुङ, संस्थापक अध्यक्ष नविन गुरुङ, पूर्व अध्यक्ष मिन बहादुर गुरुङ, सचिव वाचस्पती रेग्मी, कोषाध्यक्ष सारदा गुरुङ, सहारा एफसीका चेयरमेन कृष्ण गुरुङ लगायतले वोलेका थिए ।

# समता काव्य सन्ध्याको ३ सय ४३ औं श्रृङ्खला

**हुमा परियार/ सुस्मिता श्रेष्ठ**
**पोखरा, ४ पुस**

कविताको अघोषित पाठशालाका रूपमा परिचित पोखरेली युवा साँस्कृतिक परिवारले सञ्चालन गर्दै आएको समता काव्य सन्ध्याको ३ सय ४३ औं शृङ्खला शनिबार पोखरामा सम्पन्न भयो । काव्य सन्ध्यामा प्राज्ञ रमेश श्रेष्ठले तिन दशकसम्म अविछिन्न रूपमा चलेको कविताको अघोषित पाठशालाबाट उत्पादित कविहरू राष्ट्रिय प्रतिभा बनिसकेको चर्चा गर्दै कविताको स्कुलमा कविता सिक्न सकिन्छ कविले कविताको गौरवसँगै महत्व दर्शाउने काम गर्नुपर्ने बताए ।




काव्य सन्ध्यामा विम्बकवि रमेश श्रेष्ठ, ई. कौशलचन्द्र जिसी, इन्द्र राना प्रतीक, डा. चैतन्य अधिकारी, सुरेश रानाभाट, प्रकाश ज्ञवाली, रोशन तिमिल्सिना लगायतका कविहरूले आआफ्ना रचना सुनाएका थिए । 'साहित्य, कला र सङ्गीतको उत्थान : हाम्रो प्रण' को गुञ्जनका साथ विक्रमाब्द २०३४ सालमा स्थापना भएको पोखरेली युवा साँस्कृतिक परिवार गण्डकी प्रदेशको वाङ्मयिक विकासमा ४४ वर्षदेखि अविछिन्न क्रियाशील र सक्रिय संस्थाका रूपमा राष्ट्रिय अन्तर्राष्ट्रि स्तरमा परिचित छ । वि.सं. २०५० वैशाखदेखि नियमित रूपमा कविता सुन्ने र सुनाउने मञ्चका रूपमा समता काव्य सन्ध्या परिचित छ । न्युरोडस्थित हिमालय रिडर्स कर्नरमा आयोजित काव्य गोष्ठीमा रोशन तिमिल्सिनाले स्वागत मन्तव्य राखेका थिएका थिए । परिवारका अध्यक्ष मोती भुजेलको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव डा. चैतन्य अधिकारीले गरेका थिए । (विद्यार्थी पत्रकार)

# कांग्रेस...

तथा नैनसिंह महर (२,४६७) मतका साथ निर्वाचित हुनुभएको छ । यसैगरी दिलेन्द्रप्रसाद बडू (२,४४१), डा रामशरण महत (२,४३४), बलबहादुर केसी (२,३८८), गोविन्द भट्टराई (२,३५०), कुन्दनराज काफ्ले (२,२७९), दिपक गिरी (२,२६५), सुरेन्द्रराज पाण्डे (२,२०१), पद्मनारायण चौधरी (२,०३८), राजिव ढुङ्गाना (१,८९६), गुरु बराल (१,८७०), संजयकुमार गौतम (१,८६७) प्रा डा गोविन्दराज पोखरेल (१,८४३), मदनबहादुर अमात्य (१,८३०), अजयबाबु शिवाकोटी (१,८११), गणेश लामा (१,७८२), दिनेश कोइराला (१,७८१), उमेशजङ्ग रायमाझी (१,७७६), इन्जिनियर मोहन आचार्य (१,७५१), डा गोपाल दहित (१,७१०) र कृष्णकिशोर घिमिरे (१,७०७) मतसहित निर्वाचित हुनुभएको समितिले जनाएको छ । खुला केन्द्रीय सदस्य ३५ पदका लागि ९९ जनाले उम्मेदवारी दिनुभएको थियो । पार्टीका सबै पदाधिकारीको भने शुक्रबार नै मतगणना सम्पन्न भएको थियो । कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्य गरी १३४ पदका लागि भएको मतदानमा जम्मा ४८७ जनाले उम्मेदवारी दिनुभएको थियो ।

कांग्रेसमा जम्मा महाधिवेशन प्रतिनिधि (मतदाता) चार हजार ७४३ रहेका छन् । केन्द्रीय कार्यसमितिका पदाधिकारी मध्ये एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र समावेशीका विभिन्न आठ क्लष्टरअन्तर्गत आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ । कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्य मध्येबाट हुने व्यवस्था छ ।

यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाती १५, खस/आर्य १३, मधेसी नौ, थारु चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यक बाट एक, अपाङ्बाट एक सदस्य गरी कुल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने कांग्रेसको विधानको व्यवस्था छ । जम्मा १६७ सदस्यीय केन्द्रीय समितिमा केन्द्रीय सभापतिले ३३ सदस्य मनोनित गर्ने विधानमा उल्लेख छ ।

# बसको ठक्करबाट स्कुटर चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, ४ पुस**

पृथ्वी राजमार्गअन्तर्गत तनहुँमा बसको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ ।

व्यास नगरपालिका-१ सिमलटारमा बसले स्कुटरलाई ठक्कर दिदाँ चालकको मृत्यु भएको हो । मृत्यु हुनेमा व्यास-२ मालेबगर बस्ने ६० वर्षीय खड्कबहादुर लामा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

ना ७ ख ६४०७ नम्बरको बसले ग १९ प ८५६४ नम्बरको स्कुटरलाई ठक्कर दिँदा घाइते भएका लामाको उपचारका क्रममा पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा मृत्यु भएको प्रहरी नायब उपरिक्षक युवराज खड्काले जानकारी दिनुभयो । बस र चालक प्रहरी नियन्त्रणमा रहेका छन् ।

# पर्यटक...

रहेको र नीजि क्षेत्रको पहलमा पनि भइरहेका कार्य प्रशंसनीय रहेको बताउनुभयो । उहाँले रात्रीकालिन व्यवसायबाट उत्पन्न समस्यालाई न्यूनिकरण गर्न रात्रिकालिन निर्देशिका बनेपनि त्यसको कार्यान्वयन हुन नसक्दा चुनौति थपिएको बताउनुभयो । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षक रमेश थापा शान्ति सुरक्षाको जिम्मा प्रहरीको मात्र भन्ने परम्परागत मानसिकता त्यागेर अपराध न्यूनिकरणा साझा धारणा सहित सबैको साथ सहयोग र समन्वयको खाँचो हुने बताउनुभयो । नागरिक बर्दी विनाका प्रहरी भएकाले सचेत नागरिकबाट समाजलाई हिंसा र अपराध रहित बनाउन सहयोग पुग्ने बताउनुभयो । दुई दिन सम्म चल्ने सो अनुशिक्षण कार्यक्रममा पर्यटन क्षेत्रका विज्ञ र प्रहरी प्रमुखहरुबाट पर्यटन र सुरक्षा सम्बन्धि विषयमा प्रस्तुतिकरण रहने परिषदका महासचिव रामचन्द्र शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यक्रममा होटल, रेष्टुरेन्ड र डान्सबारका सञ्चालक एवम् कर्मचारीहरुसँगै पर्यटन क्षेत्रसँग अन्तरसम्बन्धित व्यवसायीहरुको सहभागिता रहेको छ ।


**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।**

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

**झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**
*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सर्म्पक:**
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।
- थोमस फुलर

## सम्पादकीय

# एमसीसीको गोलचक्कर

सत्तारुढ गठबन्धनले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे टुंगोमा पुग्न ३ सदस्यीय कार्यदल गठन गरेको छ। दुई वर्ष अघि सत्तारूढ नेकपामा एमसीसीबारे कार्यदल बनेको थियो । सरकार फेरिएका बेला फेरि कार्यदल बनाएर पहिल्यैको अवस्थामा पुगेको छ । कार्यदलमा नेकपा एकीकृत समाजवादीका नेता झलनाथ खनाल, नेपाली काँग्रेसका नेता तथा सञ्चारमन्त्री ज्ञानेन्द्र बहादुर कार्की र माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ छन् । नेकपा सरकार भएको बेला एमसीसीका बारेमा बनेको कार्यदलको संयोजक पुर्व प्रधानमन्त्री बरिस्ठ नेता झलनाथ खनाल थिए । दुई वर्षपछि उनै खनाललाई संयोजक बनाउनु काम चाँडो सक्ने मेलो हो ।

एमसीसीबारे सर्वदलीय बैठकबाट निर्णय लिन खोज्दा सत्ता गठबन्धनका दलहरूको एकमत नदेखाएपछि समान धारणा बनाउन कार्यदल बनाउनु उल्टो बाटो हो । प्रधानमन्त्री शेर बहादुर देउवालाई हतारो भएको छ। सत्ताको मुख्य साझेदार माओवादी केन्द्रको राष्ट्रिय सम्मेलनमा नकारात्मक प्रभाव नपरोस् भनेर केही दिन भुलाउने खेल हो। आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा सर्वदलीय बैठक बस्नुअघि सत्तारुढ ५ दलीय गठबन्धनको बैठक बसेको थियो। सो बैठकले एमसीसीका सम्बन्धमा टुंगोमा पुग्न तीन नेतालाई जिम्मेवारी दिएको छा कार्यदलले एमालेलगायत अन्य दलहरुसँग छलफल गरेर एमसीसीबारे ठोस निष्कर्षमा पुग्ने गठबन्धनमा छलफल भएको छ।

तीन सदस्यीय कार्यदलको नेतृत्व गरेका खनाल यसअघि नेकपाद्वारा गठित एमसीसी सम्बन्धी कार्यदलका समेत संयोजक थिए । खनालले एमसीसी यथास्थितिमा पारित हुन नसक्ने बताउँदै आएका छन्। त्यसैगरी कार्यदलमा रहेका माओवादी नेता श्रेष्ठ पनि एमसीसी यही अवस्थामा पारित हुन नहुने लाइनमा छन् । कार्यदलका सदस्य रहेका मन्त्री कार्की भने यसअघि एमसीसी सम्झौताका हस्ताक्षरकर्ता समेत हुन्। तीन सदस्यीय कार्यदल गठनलगत्तै आइतबार बालुवाटारमा सर्वदलीय बैठक बसेको थियो। सो बैठकमा काँग्रेसबाहेक सबै दलका नेताले एमसीसी यथास्थितिमा पारित हुन नसक्ने अडान राखेका थिए । सर्वदलीय बैठकमा डाकिएपनि प्रमुख प्रतिपक्षी एमाले भने अनुपस्थित रहेको थियो। गठबन्धनको बैठकले एमालेसँग समेत छलफल गर्ने जिम्मेवारी कार्यदललाई दिएको छ। सत्तारूढ गठबन्धनका माओवादी र नेकपा एस नेतृत्व भित्र सकारात्मक हुने बाहिर बिरोधमा देखिने द्वैध चरित्र देखाउँदै आएका छन।

एमालेले पहिला धारणा सार्वजनिक गरिदिए हुन्थ्यो भन्ने पक्षमा छन । एमाले पनि सत्ता साझेदार माओवादी केन्द्र र नेकपा एसले धारणा सार्वजनिक गरिदिए आफ्नो धारणा बनाउने पक्षमा छाप्रमुख दलहरू एमसीसीका पक्षमा सकारात्मक रहेका हुनासत्ताको खेलले गर्दा पहिलेको अडानमा छैनन् । राम्रो भए जस लिने बिरोध बढी देखिए पन्छिन खोज्ने प्रबृत्तिका कारण अहिको अवस्था श्रीजना भएको हो । सत्ताका लागि रोटी सेक्न खोज्दा अहिले समस्या खडा गरिएको हो । आफ्नो पालामा भएको संझौताको स्वामित्व लिन तयार भए प्रमुख दलहरूबीच सहमति बन्न सक्नेछ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शत्रुको भय |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : मानसिक तनाव |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस्।

# सुन्तला उत्पादनमा गिरावट

पोखरापत्र संवाददाता
बागलुङ, ४ पुस

बागलुङमा यस वर्ष सुन्तला उत्पादनमा गिरावट आएको छ । टिपेर बजार पठाउने तयारीमा रहेका किसानलाई सुन्तलामा देखिएको औसे किराको प्रकोपले निराश बनाएको छ।

सुन्तला बेचेर मनग्य आम्दानी गर्ने किसानलाई सुन्तलामा फैलिएको औसा किराको प्रकोपले निराश बनाएको छ। पर्याप्त सुन्तला उत्पादन हुने बागलुङ नगरपालिका-८ सिगानाका रामबहादुर खड्काको बगैँचामा अहिले औसा किराको प्रकोपले सुन्तला झरिरहेका छन्। खड्काले गत वर्ष सुन्तला बिक्री गरेर रु दुई लाख ५० हजार भित्र्याउनुभएको थियो । अहिले औसा किराको प्रकोपले सुन्तला धमाधम झर्न थालेको खड्काले बताउनुभयो।

"गत वर्ष सुन्तला बिक्री गरेर रु दुई लाख ५० हजार हात पारेको थिएँ, अहिले रु तीन लाख पार्ने लक्ष्य छ, तर औसा किराले समस्या भएको छ," खड्काले भन्नुभयो, "अहिले गतवर्षको तुलनामा झन्डै रु एक लाख घाटा पर्ने अवस्था आएको छ, औसा एक बगैँचाबाट अर्कोमा सर्ने अवस्था छ।" खड्काको बगैँचामा अहिले २२० सुन्तलाका बोट छन्। कृषि कार्यालयबाट समयमै सल्लाह सुझाव नपाउँदा र रोग लागिसकेपछि बल्ल प्राविधिक आउने भएकाले किसान निराश भएका छन्।

अहिले पोखरा र चितवनबाट सुन्तला खरिद गर्न व्यापारी सुन्तला बगानमा आए पनि मूल्य नपाएको र रोगको प्रकोपका कारण बिक्री नगरिएको सिगानाका कृषक शिवकुमार खड्काले बताउनुभयो । प्रतिकिलो रु ५० का दरले सुन्तला खरिद गर्न व्यापारी आउने गरेका भए पनि बिक्री नगरेको खड्काको भनाइ छ।

किसानको गुनासोपछि वडा कार्यालयको संयोजन तथा कृषि ज्ञान केन्द्रको आयोजनामा बाली परीक्षण शिविर आयोजना गरिएको बागलुङनगरपालिका-८सिगाना वडाध्यक्ष राजन जीसीले जानकारी दिनुभयो। "सिगाना सुन्तलाको पकेट क्षेत्र हो, यहाँका किसानलाई सुन्तलाबाटै आर्थिक विकासका लागि ५० प्रतिशत अनुदानमा बिरुवा वितरण गर्दै आएका छौँ, अहिले वार्षिक रु दुई करोडभन्दा बढीको सुन्तला बिक्री हुने गरेको छ" उहाँले भन्नुभयो, "औसा किराको प्रकोपले यसवर्ष सिगानामा सुन्तलाको उत्पादनमा केही गिरावट आउने देखियो।"

गतवर्ष औसा किराको प्रकोप रहे पनि अहिले बढेर गएको किसानको गुनासो छ । सुन्तलाको पकेट क्षेत्र बिहुँ, भकुण्डे, तित्याङलगायत क्षेत्रमा समेत औसाको प्रकोप देखिएको छ।

किराको समस्या देखिएको क्षेत्रमा प्राविधिक खटाएर थप क्षति हुन नदिने उपाय अवलम्बन गरिएको केन्द्रका प्रमुख भानुभक्त भट्टराइले जानकारी दिनुभयो । "औसा किराको समस्या जिल्लाभर छ, प्राविधिक खटाएका छौँ", उहाँले भन्नुभयो । जिल्लामा वर्षेनी झन्डै रु १२ करोडको सुन्तला बिक्री हुन्छ। जिल्लामा ६५० हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादन हुँदै आएको छ।

# साफ यु १९ च्याम्पियनसिप : नेपाल भारतसँग पराजित

रासस
काठमाडौं, ४ पुस

बङ्गलादेशमा जारी साफ यु-१९ (१९ वर्षमुनि) महिला फुटबल च्याम्पियनसिपमा नेपाल भारतसँग पराजित भएको छ।

बङ्गलादेशका ढाकामा आइतबार भएको खेलमा भारतसँग नेपाल १-० गोलअन्तरले पराजित भएको हो । जितसँगै भारत भने प्रतियोगिताको फाइनलमा पुगेको छ । भारतको जितमा प्रियङ्का देवीले गोल गरिन् । उनले खेलको ६७ औँ मिनेटमा गरेको एक गोल नै भारतको लागि निर्णायक गोल साबित भयो । यता पराजयसँगै नेपालको फाइनलमा प्रवेश गर्ने सम्भावना अर्को खेलको नतिजालाई कुर्नुपर्ने भएको छ । फाइनल प्रवेशका लागि नेपाललाई भारतसँग केवल बराबरीको आवश्यकता रहेको थियो । अब नेपालले फाइनल प्रवेशका लागि बङ्गलादेश र श्रीलङ्काबीच हुने खेलको नतिजा पर्खनुपर्नेछ। बङ्गलादेशले श्रीलङ्कामाथि जित वा बराबरिकै नतिजा निकाले नेपाल प्रतियोगिताबाट बाहिरिनेछ भने बङ्गलादेशले पराजय भोगे नेपाल फाइनलमा प्रवेश गर्ने सम्भावना रहनेछ । भारतले चारमध्ये तीन खेल जित्दै नौ अङ्क जोडेको छ भने समान खेल खेलेको नेपालले दुई खेलमा जित, एकमा बराबरी र एक खेल हारेको थियो । नेपालको सात अङ्क रहेको छ। यसैगरी युवा तथा खेलकूदमन्त्री महेश्वरजङ्ग गहतराजले बङ्गलादेश जाने राष्ट्रिय महिला तथा पुरुष भलिबल टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभएको छ।

बङ्गलादेशमा यही पुस ६ देखि १४ गतेसम्म आयोजना हुने एशियन सिनियर सेन्ट्रल जोन पुरुष तथा महिला भलिबल प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक तथा अफिसियललाई राष्ट्रिय झण्डा प्रदान गर्नुभयो । नेपाली टोली सोमबार बङ्गलादेश प्रस्थान गर्नेछन्।

कार्यक्रममा खेलकूदमन्त्री गहतराजले खेलाडीको खेल जीवनपछिको अवस्थाका बारेमा मन्त्रालयले विभिन्न सरोकारवाला पक्षसँग छलफल गरिरहेको जानकारी दिनुभयो । कार्यक्रममा नेपाल भलिबल सङ्घका महासचिव जीतेन्द्र चन्द्रले राष्ट्रिय टोलीको तयारी राम्रो रहेको बताउनुभयो।

# सबैको लघुवित्तको पाँचौं वार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ४ पुस

सबैको लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँचौं वार्षिक साधारण सभा शनिबार सम्पन्न भयो।

वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष सृजना जोशीको सभाध्यक्षतामा सम्पन्न सो साधारण सभामा अध्यक्ष श्री जोशीले आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन पेश गर्नु भएको थियो।

यस वार्षिक साधारण सभाले आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु, संचालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको मिति २०७८ आषाढ मसान्तको चुक्ता पूँजी रु. २० करोड ६० लाख २७ हजार २५० को १.६३ प्रतिशतले हुन आउने रु. ३३,६६,९८६।८४ नगद लाभांश (बोनश शेयरमा लाग्ने कर वापतको रकम) पारित गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको थियो।

यसै गरी लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम श्री श्रेष्ठ एण्ड न्यौपाने एसोसियट, चार्टर्ड एकाउण्टेण्टसलाई आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गरेको छ।

त्यसै संस्थापक शेयरधनीको प्रतिनिधित्व हुने गरी संस्थापक समूहबाट सञ्चालकमा सृजना जोशी, नारायण प्रसाद जोशी, जीवमूर्ति पन्त, प्रदीप सिग्देल शर्मा निर्विरोध निर्वाचित भएका थिए । सो सभामा अध्यक्षको प्रतिवेदनमा टिप्पणी गर्दै शेयरधनीहरुले साधारण सभामा आफ्नो राय, सुझाव पेश गर्नु भएको थियो।

साधारण सभामा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत केशव कुमार पौडेलले शेयरधनीहरुले उठाएका जिज्ञासाहरुको जवाफ दिनुका साथै आफ्नो मन्तब्य दिनु भएको थियो।

सो साधारण सभाको सञ्चालन वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव केशव कुमार पौडेलले गर्नु भएको थियो भने स्वागत मन्तब्य वित्तीय संस्थाका नायब कार्यकारी अधिकृत किरण कुँवरले गर्नु भएको थियो। वार्षिक साधारण सभामा पेश भएका सम्पूर्ण प्रस्तावहरु उपस्थित शेयरधनीहरुले सर्वसम्मतिबाट स्वीकृत गरेका थिए । यस वित्तीय संस्थाका सञ्चालक जीवमूर्ति पन्तले मन्तब्य सहित धन्यवादज्ञापन गर्नु भएको थियो।

# निःशुल्क सेनेटरी प्याड वितरण

पोखरापत्र संवाददाता
दमौली, ४ पुस

तनहुँको भानु नगरपालिकाले नगर क्षेत्रभित्रका २८ विद्यालयमा सेनेटरी प्याड वितरण गरेको छ। छात्रालाई महिनावारी भएका बेलामा पनि विद्यालयमा नियमित गराउने उद्देश्यले विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराएको हो।

कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्रालाई लक्षित गरी नगरपालिकाले निःशुल्करुपमा सेनेटरी प्याड उपलब्ध गराएको नगरपालिकाका शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख ध्रुवराज पौडेलले जानकारी दिनुभयो। सरकारले विगत दुई वर्षदेखि सामुदायिक विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराउँदै आएको छ । नगरपालिकाले पनि सशर्त कार्यक्रमका रुपमा प्राप्त बजेटबाट नियमानुसार खरिद गरी सरकारले तोकेको मापदण्डअनुसारको प्याड वितरण गरेको उहाँले बताउनुभयो । गत आर्थिक वर्षमा खरिद गरिएका केही प्याड कोरोना, लकडाउन तथा पहाडी क्षेत्रमा वर्षायाममा सवारीसाधन जान कठिनाइ हुनेलगायतका विभिन्न कारणले छ विद्यालयमा वितरण गर्न बाँकी रहेकामा त्यस विद्यालयमा पनि प्याड पुऱ्याइएको छ। योसँगै भानुका २८ मावि र आधारभूत विद्यालयमा गरी २५ हजार १३३ प्याकेट (दुई लाख एक हजार ६४ पिस) प्याड उपलब्ध गराइएको शाखा प्रमुख पौडेलले बताउनुभयो । प्याडको प्राप्ति, संरक्षण, वितरण, व्यवस्थापन र अभिलेखनका लागि प्रत्येक विद्यालयमा एक महिला शिक्षकलाई संयोजक तोकिएको छ । संयोजकले छात्रालाई आवश्यकताअनुसार वितरण गर्ने, यसको सही ढङ्गले प्रयोग गर्नेबारे प्रशिक्षण र सहजीकरण गर्ने, शौचालयमा प्याड डिस्पोजल बिन राख्न लगाई सहीरुपमा बिसर्जन गर्न लगाउने काम गर्नेछन्।

नगरपालिकाले चालू आर्थिक वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिएको छ । महिनावारी भएका बेला छात्रा नियमित विद्यालय नआउने समस्या रहेको छ। "विद्यालयमै प्याड उपलब्ध हुने भएपछि विद्यार्थी नियमित विद्यालय आउँछन्, यसले उनीहरुको पढाइमा समेत असर पर्दैन", शाखा प्रमुख पौडेलले भन्नुभयो।

**नेपाल सकार**
**रक्षा मन्त्रालय**
**नेपाली सेना**
## श्री सैनिक अस्पताल पोखरा

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(दास्रो पटक प्रकाशित मिति २०७८/०९/०५ गते।)
**सूचना नं. ०२**

१. कास्की जिल्ला, पोखरा स्थित यस अस्पतालमा मर्मत गर्नुपर्ने भएकाले उक्त मर्मत कार्य गर्न ईच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायी, रजिष्टर्ड कम्पनी/फर्म/संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन (मिति २०७८/०९/१९ गते) भित्र कार्यालय समयमा दरभाउपत्र फाराम शुल्क रु.१००० (एक हजार) मात्र (पछि फिर्ता नहुने गरि) तिरेर दरभाउपत्र खरिद गरी सो दरभाउपत्रमा उल्लेखित सर्त अनुसार सिलबन्दी दरभाउपत्र मिति २०७८/०९/२० गतेको १२:०० बजे भित्र दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२. साथै दर्ता हुन आएको दरभाउपत्र मिति २०७८/०९/२० गतेको १३:०० बजे यस अस्पतालमा खोलिने ब्यहोरा समेत सूचित गरिन्छ।

दरभाउपत्र जमानत र कामको बिवरण

| सि. नं. | कामको बिवरण | मर्मत गर्नु पर्ने स्थान | कुल लागत रकम | पेश गर्नु पर्ने दरभाउपत्र फारम जमानत रकम रु. | दरभाउपत्र फाराम रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | मर्मत कार्य | सैनिक अस्पताल हाताभित्र | ८,५०,०००.०० (मु.अ.कर सहित) | २५,०००.०० | १०००.०० | |

३. साथै, दरभाउपत्र खोलुवा मिति बिदाको दिन परेमा सो को भोलीपल्ट खोलुवा गरिनेछ।

नोटः साथै माथि उल्लेखित सूचना सम्बन्धी कुनै दुविधा भएमा विस्तृत जानकारीको लागि अस्पतालको फोन नं.०६१-५३३८२३ मा सम्पर्क गर्न सकिनेछ।

# घिरिङमा एक घर एक धारा अभियान

– कृष्ण न्यौपाने

दमौली, ४ पुस

तनहुँको घिरिङ गाउँपालिकामा एक घर एक धारा अभियानलाई तीव्र पारिएको छ । हालसम्म खानेपानी सुविधा नपुगेका गाउँमा स्वच्छ खानेपानी पुऱ्याउन गाउँपालिकाले एक घर एक धारा अभियानलाई तीव्रता दिएको हो । खोला तथा पधेराको पानी उपभोग गर्दै आएका स्थानीयवासी घरघरै धारा आएपछि हर्षित छन् ।

अभियानअन्तर्गत वडा नं-५ स्थित च्याचुल गाउँमा खानेपानी सुविधा पुगेको छ। समुन्द्र सतहबाट एक हजार ५० मिटर उचाइमा अवस्थित उक्त गाउँमा अलैची खानेपानी योजना निर्माण गरिएको गाउँपालिकाका सल्लाहकार सुमनकुमार श्रेष्ठले जानकारी दिनुभयो । गाउँपालिकाको रु ६२ लाखको लागतमा निर्माण गरिएको सो योजनाबाट ४६ घरधुरीमा खानेपानी विस्तार गरिएको छ।

गत वर्षदेखि निर्माण सुरु गरिएको खानेपानी योजना कोरोना सङ्क्रमणका कारण केही समय ढिला भएको थियो । "कोरोना न्यूनीकरणका लागि गरिएको बन्दाबन्दीमा पनि उपभोक्ताबाट निरन्तर काम भएको थियो," उहाँले भन्नुभयो, "घरघरमै खानेपानी सुविधा पुगेपछि स्थानीयवासी खुसी छन् ।" घरघरमै धारा जडान भएको खुसीयालीमा उनीहरूले नाचगानसमेत गरेका छन् ।

धारा नहुँदा यहाँका बासिन्दालाई खानेपानीका लागि कुवा र पधेराको भर पर्नुपर्दा बिहानैदेखि पानीको जाहो गर्नुपर्ने चिन्ता हुन्थ्यो । अहिले घर घरमै धारा पुगेपछि अब उनीहरूलाई उक्त चिन्ता हटेको छ । गाउँपालिकाका अध्यक्ष रनबहादुर रानाले खानेपानीको सुविधा नपुगेका हरेक घरमा पानी पुऱ्याउने लक्ष्यका साथ अगाडि बढेको र सुविधा नपुगेका ठाउँमा एक घर एक धारा अभियान सञ्चालन गरिएको उहाँको भनाइ थियो । गण्डकी प्रदेश सरकार, गाउँपालिका, पश्चिम नेपाल निर्वाचन क्षेत्र विकाश कार्यक्रमलगायतको सहयोगमा खानेपानी सुविधा नपुगेका गाउँबस्तीमा खानेपानी पुऱ्याउने अभियान सञ्चलन गरिएको हो । हालसम्म गाउँपालिकाका एक हजार ७०० घरधुरीमा एक घर एक धारा पुगेको र ४५० घरधुरीमा धारा पुग्ने तयारीमा छ । घिरिङ गाउँपालिका-१ स्थित पल्लो गढीगाउँ, पोखेलटोल, लामादी, खापा पुट्टार, जगौली र पुत्गाउँमा खानेपानी सुविधा पुगिसकेको छ भने कटहरे, बैडी, भन्सार, अत्रौली पुट्टारमा खानेपानीको काम भइरहेको छ।

प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालयको रु दश करोड ६० लाख ६७ हजार ९० ९ को लागतमा पाँच वटा योजना निर्माणाधीन अवस्थामा छन् । प्रथम योजनाअन्तर्गत कटहरेमा रु दुई करोड पाँच लाख ८३ हजार एक ११९, दोस्रो योजनाअन्तर्गत पुट्टारमा रु दुई करोड १४ लाख ६८ हजार ६२१, तेस्रो योजनाअन्तर्गत बैडीमा रु चार करोड आठ लाख १३ हजार ४२४, चौँथो योजनाअन्तर्गत भन्टारमा रु ५९ लाख १०४ र पाँचौं योजनाअन्तर्गत अत्रौलीमा रु एक करोड ७३ लाख दुई हजार ६४० को लागतमा खानेपानी योजना निर्माण हुँदैछ।

वृहत खानेपानी योजनाबाट ५९७ घरधुरी लाभान्वित हुने भएका छन् । डिभिजन खानेपानी कार्यालयका अनुसार कटहरेका ८६, पुट्टारका ८५, बैडीका २४२, भन्टारका ३९ र अत्रौलीका १४५ घरधुरी लाभान्वित हुनेछन्।स्थानीयवासीले दश प्रतिशत श्रमदान गर्नुपर्ने यी सबै योजना विसं २०७९ असार २४ सम्म सम्पन्न गर्नुपर्ने संभौतामा उल्लेख छ । घिरिङ-२स्थित देउराली, छानुङ, आरामकोट, बोहोछाप, दुम्कोट, घुर्लीछाप, माहोरकोट, कोलडाँडा, घ्याछाप, फलानठाँटी, काठेकोट, छानुङमानुङ, गजरकोटमा प्रत्येक घरमा खानेपानी सुविधा पुगेको छ । सोही वडाको भोरकोटामा खानेपानी आयोजना निर्माण सम्पन्न हुने चरणमा छ। घिरिङ-३ स्थित काफलडाँडा, सिलिङखोला, लामोचौतारी, बाहुनचौतारी, घिरिङ हटिया, गैराथोक, डाँडाथोक, आर्चमबासका प्रत्येक घरधुरीमा खानेपानी सुविधा पुगेको छ भने नेवापानी, पोखरीछापमा खानेपानी योजना निर्माणाधीन अवस्थामा छ । घिरिङ-४ स्थित कोटसाभुङ, धाब्दी, बट्यौलीटारमा घरघरमा खानेपानी पुगिसकेको र रामकोट, ठामडाँडा, फूला सिफ्लुङ, करुवाटार, पुर्कोटमा सो योजना सम्पन्न हुने चरणमा पुगेको गाउँपालिकाले जनाएको छ।

# पर्यटकीय पदयात्रा क्षेत्रहरुको अध्ययन, अनुसन्धान , प्रवर्धन एवं बजारीकरण

पोखरापत्र संवाददाता

पोखरा, ४ पुस

ट्रेकिङ्ग एजेन्सीज् एशोसिएसन अफ नेपाल (टान), पश्चिमाञ्चल क्षेत्रीय संघ, पोखराको आयोजना, पोखरा महानगरपालिका बडा नम्बर १६ र १९ को समन्वय एवं स्थानीय पर्यटन व्यबस्थापन समितीको व्यबस्थापनमा ओझेलमा परेका पर्यटकीय महत्वले प्रचुर सम्भावना बोकेका पदयात्रा क्षेत्रहरुको अध्ययन, अनुसन्धान , प्रबर्धन एवं बजारीकरण गर्ने उद्धेश्यका साथ ओझेलमा परेका पर्यटकीय गन्तव्यहरुको पहिचान गरेको छ।

दिगो पर्यटन बिकास, प्रबर्धन र संरक्षण गरौ भन्ने नाराका साथ घार्मी-कुरेचौर-ढिकिडाँडा-मूलाछनी-कोटडाँडा-झुप्राङकोट-गर्याङहोमस्टे सम्मको १ दिवसीय हाईकिङ शनिबारका दिन संघीय सांसद एवं पूर्वमन्त्री माननीय जगत बहादुर बि.क को प्रमुख अतिथ्यतामा सम्पन्न गरियो । पदयात्रा कार्यक्रमको शुरुवात घार्मीबाट गरिएको थियो उक्त स्थान लगायत ठाउ ठाउमा स्थानीयहरुले बाजागाजाले भव्य स्वागत गर्नु भएको थियो । पदयात्राको फर्कने बेला गर्लाङ गाउँको सामुदायिक होमस्टको अवलोकन गरि सहभागीहरुलाई न्यानो आतिथ्यता प्रदान गरिएको थियो । बिहान ढिकीडाँडा( हरिपाउ) र दिउसो झुप्राङकोटमा आयोजना गरिएको औपचारिक कार्यक्रमको सभापतित्व संघका अध्यक्ष सुशीलराज पौडेलले गर्नु भएको थियो। कार्यक्रममा प्रमुख अतिथीको मन्तव्य राख्दै संघीय सांसद एवं पूर्वमन्त्री माननीय जगत बहादुर बि.कले गण्डकी प्रदेशको समृद्धिको आधार नै पर्यटन भएकाले दिर्घकालीन योजनाका साथ घार्मी-कुरेचौर-ढिकिडाँडा-मूलाछनी-कोटडाँडा-झुप्राङकोट पदमार्ग रुटलाई प्रबर्धन गर्न दिर्घकालिन योजनाका साथ अघि बढ्नु पर्ने बताउनु भयो। पोखरा महानगरपालिका वडा नम्बर १६ का अध्यक्ष जीबन आचार्यले पोखराबाट नजिकको दुरीमा रहेर पनि ओझेलमा परेका ऐतिहारिक महत्व बोकेका यस सुन्दर पर्यटकीय स्थलहरुको प्रर्बधन गर्न यो कार्यक्रम फलदायी हुने र आगामी दिनमा टान गण्डकीसंग सहकार्य गरि सो रुटको प्रबर्धन गरिने बताउनुभयो । संस्थाका अध्यक्ष सुशीलराज पौडेलले आगामी दिनमा यस रुटको प्रबर्धन गर्न आइटनी बनाई आफना सदस्य कम्पनी माफ पठाई पोखरा नजिकको यस हाईकिङ गन्तव्य अन्तराष्ट्रिय स्तरमा बजारीकरण समेत गरिने बताउनुभयो । साथै कार्यक्रममा उत्साहजनक उपस्थितीका लागी सम्पुर्णलाई धन्यवाद समेत ज्ञापन गर्नु भएको थियो।

उक्त कार्यक्रममा टानमा आवद्ध सदस्य कम्पनीका प्रतिनिधीहरु, पोखराका पर्यटकीय संघसंस्थाका प्रतिनिधीहरु, मजदुर संगठनका प्रतिनिधीहरु ,पत्रकारहरु, स्थानीय गाउँपालिकाका अध्यक्षहरु, जनप्रतिनिधीहरु, स्थानीय पर्यटन व्यबसायी, समाजसेवी तथा स्थानीयहरु सहित २०० जनाको सहभागीतामा पदयात्रा कार्यक्रम भव्यताका साथ सम्पन्न गरियो । समग्र हाईकिङ कार्यक्रमको संयोजन कार्यसमिती सदस्य एव संयोजक गोपाल कृष्ण संग्रौलाले गर्नु भएको थियो भने कार्यक्रमको संचालन संस्थाका सचिव मिलन तिवारीले गर्नु भएको थियो।

# दुई छोरीको उपचार नहुँदा तिमिल्सिना दम्पत्ति चिन्तित

–हरि बाँस्तोला

गण्डकी, ४ पुस (रासस)

आर्थिक अवस्था कमजोर भएका कारण मानसिक रोगी दुई छोरीको उपचार गराउन नसक्दा यतिखेर पोखरा-२४ रातामाटाका तिमिल्सिना दम्पत्ति गम्भीर चिन्तामा छन् ।

मजदूरी गरेर परिवारको गर्जो टार्नुपर्ने बेलामा २४ वर्षीय टिका र १७ वर्षीया छलिको उपचार गराउन नपाउँदा ती परिवार गम्भीर चिन्तामा परेका हुन् । "आर्थिक विपन्नताका कारण परिवारको दैनिकी टार्न त मुस्किल छ नै, त्यसमा पनि मानसिक रोगी दुबै छोरीलाई छाडेर मजदूरी गर्न जान सक्ने अवस्था छैन । यसले परिवारको गर्जो टार्ने समस्या झन बढेको छ, बुबा दिपराज तिमिल्सिनाले भन्नुभयो ।" पुसको कठ्याङग्रिदो जाडोमा ठूली छोरी टिका बाख्राको खोरमा डसना विनाको खाटमा सुत्तदै आएकी छन् भने अर्को छोरी छलि बाबु आमा सुत्ने कोठाको छेउमा सानो खाटमा कष्टकर जीवन विताउन बाध्य छन् । "पोखरादेखि मुस्ताङसम्म भारी बोकेर कमाएको रु ६० हजार खर्च गरेर १२ वर्षअघि पोखरस्थित गण्डकी अस्पताल, मणिपाल शिक्षण अस्पताल र चरक अस्पतालमा दुबै छोरीको उपचार गराउँदा पनि निको भएन" उहाँले भन्नुभयो, "आर्थिक अवस्था कमजोर हुँदा अहिले दुबै छोरीलाई उपचारका लागि अस्पतालसम्म पनि पुऱ्याउन सकिएको छैन् ।"

उहाँका अनुसार छोरीहरु दिसा पिसाव जथाभावी गर्छन्, कोठाबाट बाहिर निस्कने वित्तिकै ताउलामा राखेको गाईभैंसीको कुडो खाने, आङ्गनमा सुकाएको बिस्कुन सबै फाल्दिने र दिदीबहिनी बीच झगडा गर्ने गर्दछन् । "जन्मदा त राम्रै थिए, जन्मने वित्तिकै नभई केही समयपछि मात्र रोए र लामो समयपछि हिडे, दुवै जना आकाशतर्फ बढी हेर्दथें। अहिले आएर दुवै मानसिक रुपमा विछिप्त अवस्थामा छन्", उहाँले भन्नुभयो, "सन्तानबाट सहयोग पाउनु पर्ने अवस्थामा उल्टै हुर्केका छोरोहरुको वाल्यकालमा जस्तै स्याहार सुसार र पालनपोषण गर्नुपरेको पीडा भोग्नु परेको छ।" छोरीको उपचारका लागि सहयोग गरिदन उहाँले सबैसँग आग्रह गर्नुभएको छ । "छोरीलाई हेरचाह गरेर घरमा नै बसौं भने आम्दानी हुँदैन ।

हातमुख जोर्न नै समस्या हुन्छ", उहाँले भन्नुभयो, "छोरीलाई छुट्टाछुट्टै कोठामा थुनेर मजदूरी गरेर साँझ घरमा आउँदा उनीहरु दिसा पिसाव खेलाएर बसेका हुन्छन् । कुनै कुनै बेला त कोठामा नै हुँदैनन् । लाइटको सहायताले खोज्दै हिड्नु पर्दछ।" सन्तानको माया लाग्छ। खर्चको अभावमा उपचार गर्न सकिएको छैन र उचित उपचार कहाँ हुन्छ भन्ने थाहा पनि नभएको दिपराज तिमिल्सिनाले बताउनुभयो ।

आमा मिना तिमिल्सिनाले आँसु झार्दै भनिन्, "सानी छोरीले त आफै पनि खाना खाने गर्छिन, ठूलीलाई खुवाई दिनुपर्दछ, शरीरको कपडा च्यात्ने, जथाभावी दिसापिसाव गर्ने र दिसा पिसाव खेलाउँदा घर नै दुर्गन्धित हुन थालेको छ ।" आफ्नो खासै खेत छैन, अरुको खेत अधिया गरेर मानसिक रोगी दुई छोरी र एक छोरासहित पाँच जनाको जिविकोपार्जन गर्दै आएका सो परिवारले अहिले छोरीको उपचारमा सहयोग गरिदिन हुन विभिन्न सङ्घसंस्था एवम् व्यक्तिसंग हार्दिक अपिल गरेको छ । पहिलो सन्तान छोरीको विहे गरेर पनि नाति ६ वर्षको भइसकेको छ भने २२ वर्षीय छोरा सुरेश तिमिल्सिना पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत छन् । उक्त परिवारको अवस्थाका बारेमा बुझनपीडितकोघरमानैपुग्नुभएका पोखरा महानगरपालिका-२४ का वडाध्यक्ष शोभामोहन सुवेदीले भन्नुभयो, "यस दुःखद अवस्थाबाट मुक्ति दिलाउनका लागि पहिले उनीहरुको उपचारका लागि आफूले सक्दो सहयोग गर्ने बताउँदै उनीहरुलाई कोरोनाविरुद्धको खोप घरमा लगाउने व्यवस्था मिलाउने प्रतिवद्धता व्यक्त गर्नुभयो । "दुवै छोरीको अवस्था कष्टकर रहेको देखेर पहिलो चरणमा उनीहरुलाई बस्नका लागि सुविधायुक्त कोठा निर्माणका लागि रोटरी क्लव अफ पोखरा फिस्टेलले सहयोग गर्ने भएको छ", उहाँले भन्नुभयो, "सुविधायुक्त कोठा निर्माणका लागि रु एक लाख ४० हजार खर्च लाग्ने अनुमान गरिएको छ।" बागलुङ बसपार्कबाट पश्चिम सहिद स्मारक जामुनाबोट हुँदै कृषि सडकमार्फत उनीहरुको घरमा पुग्न सकिने पर्यटकीय नगरी पोखरा नजिककै सुगम स्थानमा रहेर पनि खाउँखाउ लाउलाउ भन्ने उमेरका ती दुई दिदिबहिनीले उचित उपचारको अभावमा कष्टकर जीवन विताउन बाध्य छन् ।

धर्म गर्नका लागि धार्मिक स्थलमा धाउनु पर्दैन्, आर्थिक अभावका कारण उपचारका लागि अस्पताल पुऱ्याउन नसकेर कष्टमा परेका यो परिवार यतिखेर छोरीको उपचार गर्ने सहयोगीको प्रतिक्षामा छन् ।

# माथिल्लो स्याङ्गे आयोजनाको विद्युत् उत्पादन सफल परीक्षण

पोखरापत्र संवाददाता

लमजुङ, ४ पुस

माथिल्लो स्याङ्गे जलविद्युत् आयोजनाबाट २ दशमलव ४ मेगावाटको विद्युत् उत्पादन सफल परीक्षण भएको छ । मर्स्याङ्दी गाउँपालिका- ४ मिप्रामा रहेको सो आयोजनाको हालै बिजुली उत्पादन परीक्षण सफल भएको हो।

आयोजनाका प्राविधिक सोम तामाङका अनुसार गत असोज १५ मा सो आयोजनाको निर्माण सम्पन्न भई गत मङ्सिर २२ गतदेखि परीक्षण सुरु गरिएको छ। उहाँले भन्नुभयो, "उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न नेपाल विद्युत् प्राधिकरणसँग पत्राचार भइसकेको छ। सिभिल संरचना तथा जडान भएका उपकरणको हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल उपकरणको परीक्षण सफल भएको हो।" निर्माण सुरु गरेको चार वर्षमा निर्माण सम्पन्न भएको आयोजनाले जनाएको छ । आयोजनाले विसं २०७६ जेठभित्र नै विद्युत् उत्पादन गर्ने लक्ष्य लिए पनि कोरोना महामारी र सडकका कारण ढुवानीमा समस्या भएकाले निर्माण अवधिमै सम्पन्न हुन नसकेको बताइएको छ। विसं २०७४ देखि आयोजनाको निर्माण अघि बढेको थियो। आयोजनाको विद्युत् ३३ केभी प्रसारण लाइनमार्फत १२ किलोमिटर दूरीमा रहेको खुदी सबस्टेसनमा जोडिने प्राविधिक तामाङले जानकारी दिनुभयो।

आयोजनाबाट वार्षिक १४.६१६ गिगावाट घण्टा विद्युत् उत्पादन हुनेछ । त्यस्तै हिउँदमा २.८६८ र वर्खायाममा ११.७४८ गिगावाट घण्टा विद्युत् उत्पादन आयोजनाले जनाएको छ । आयोजना ५० करोड रुपैयाँ लागतमा निर्माण सम्पन्न भएको अपर स्याङ्गे हाइड्रोपावर लिमिटेडले जनाएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्म :
१९९५/०७/०२ गते

स्वर्गारोहण :
२०७८/०८/२२ गते

स्व. डोल प्रसाद गोठाजु

यस सिद्धार्थ टोल विकास संस्थाका आजिवन सदस्य श्री सुष्मा गोठाजुको ससुरा बुबा **डोल प्रसाद गोठाजु**को ८३ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

सम्झना माकाजू
अध्यक्ष तथा
सिद्धार्थ टोल विकास संस्था परिवार



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्म:
१९९५/०७/०२ गते

स्व. डोल प्रसाद गोठाजु

स्वर्गारोहण:
२०७८/०८/२२ गते

हाम्रो यस शुभकामना महिला बिकास केन्द्रको आजिवन सदस्य श्री सुष्मा गोठाजुको ससुरा बुबा **डोल प्रसाद गोठाजु** को ८३ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

सुमिता श्रेष्ठ
अध्यक्ष तथा
शुभकामना महिला बिकास केन्द्र परिवार